बैठक संख्याः ०६

मितिः२०८१/०७/१२

समयःदिउसोः ३:०० बजे

सिंजा गाउँपालिका नराकोट, जुम्ला

उपरोक्त मिति, समय र स्थानमा सिंजा गाउँपालिकाका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यू को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यपालिका सदस्यहरुको समेत उपस्थितिमा बसेको बैठक देहाय बमोजिम निर्णय गरियो

तपसिल

| सि.नं. | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पूर्ण प्रसाद धिताल | | |
| २ | उपाध्यक्ष | सितली रोकाया | | |
| ३ | वडा नं.१ अध्यक्ष | हरिन्द आचार्य | | |
| ४ | वडा नं.२ अध्यक्ष | तिर्थ वड | | |
| ५ | वडा नं.३ अध्यक्ष | सुरथ बहादुर रावत | | |
| ६ | वडा नं.४ अध्यक्ष | रन्जित बुढा | | |
| ७ | वडा नं.५ अध्यक्ष | कृष्ण बहादुर रोकाया | | |
| ८ | वडा नं.६ अध्यक्ष | लाल बहादुर बुढा | | |
| ९ | कार्यपालिका सदस्य | राजपुरा दमाई | | |
| १० | कार्यपालिका सदस्य | रुपकेउडा विष्ट | | |
| ११ | कार्यपालिका सदस्य | दन्ता कामी | | |
| १२ | कार्यपालिका सदस्य | मागी वड | | |
| १३ | कार्यपालिका सदस्य | हरिचन्द्र सार्की | | |
| १४ | कार्यपालिका सदस्य | मोती दमाई | | |
| १५ | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | टेक बहादुर शाही | | |

## निर्णय नं. १

सिंजा गाउँपालिकामा मिति २०७९/०६/१९ देखि २०७९/०६/२५ सम्म परेको अविरल वर्षाका कारणले वडा नं. १ देखि ६ सम्मका निजी आवासहरु बाढी पहिरोका कारणले क्षति हुदा नेपाल सरकार गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको आधिकारिक Application kobo collected बमोजिम यस गाउँपालिकामा छनौट भएका ४१५ घरहरु को विवरणलाई गाउँपालिकाले पुन प्रत्येक वडाका बस्तीहरुमा स्थलगत रुपमा सर्वेक्षण गर्दा माथि उल्लेखित घरहरुको संख्यामा सम्बन्धित टोल बस्तिस्तरबाट गुनासो प्राप्त भइ सकेपछि गाउँपालिकाले पुन ६ वटै वडाका बस्तीमा जनप्रतिनिधि र कर्मचारीहरुको स्यम् उपस्थितिमा पुन लाभग्राही सर्वेक्षण १४६ घरहरुको पुन निर्माण गर्ने भन्ने प्राप्त प्रतिवेदनलाई गाउँ कार्यपालिकाको बैठकबाट अनुमोदन गरी मनसुनजन्य विपद प्रभावित निजी आवास पुननिर्माण तथा पुर्नस्थापना अनुदान कार्यविधि २०७७ को दफा ६ को उप दफा १ को (ख) मा उल्लेखित घर पुननिर्माणको लागि प्रति घर रु ५०,०००/- का दरले जम्मा रकम रु ७३,००,०००/- सिंजा गाउँपालिकाको आ.व.२०८०/०८१को गाउँसभाले रकम विनियोजन गरी जिल्ला विपद् व्यवस्थापन समिति जुम्लाको खातामा उक्त रकम जम्मा गरिएकोमा जिल्ला प्रशासन कार्यालय जुम्लाको प.सं. ०८१/०८२ च.नं.५३६ मिति २०८१/०७/०६ को प्राप्त पत्रसाथ संलग्न जिल्ला विपद् व्यवस्थापन समिति जुम्लाको मिति २०८०/०७/१५ को निर्णय बमोजिम सिंजा गाउँपालिकामा घर पुननिर्माणका लागि १२० र पुर्नस्थापनाका लागि ३ घर कायम गरिएको विवरण सहित लाभग्राहीको सहजतका लागि माथि उल्लेखित रकम ७३०००००/- जिल्ला प्रशासन कार्यालयले सिंजा गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा जम्मा गरेकोले यस गाउँपालिका बाट पुन ६ वटै वडाहरुमा सम्बन्धित जनप्रतिनिधिज्यू र प्राविधिक कर्मचारीलाई फिल्डमा खटाई निजहरुबाट प्राप्त प्रतिवेदन र वडाको सिफारिसको आधारमा छनौट भएका लाभग्राहीहरुको बैक खातामा प्रति घर रु ५००००/- दरले रकम जम्मा गरिएको विवरण जिल्ला प्रशासन कार्यालय जुम्लामा पठाउने निर्णय गरियो ।

नं २,प्रस्ताव नं २ मा छलफल गर्दा सिंजा गाउँपालिका भित्रका कृषकहरुले उतपादन गरेको लोकल धान लगायत अन्य कर्षि बालीहरुको खरिद बिक्रि मुल्य निम्न अनुसार कायम गर्ने निर्णय गरियो ।

कल मार्सि धानको प्रति पाथी रु १५० र प्रति केजीको ११६ तथा  चामलको प्रति केजी १५० ।

दो प्रति केजी रु ५०।

पर प्रति केजी रु १०० फापरको पिठो प्रति केजी रु २५० ।

जौं प्रति केजी रु २५ ।

प्रति केजी रु ५० ।

चिनो प्रति केजी रु २५० ।

गुनो प्रति केजी र २५० ।

मिमी प्रति केजी रु २००।

भट्ट प्रति केजी रु १०० ।

आलु सिजन अनुसार न्यूनतम रु ३० अधिकतम रु ५० ।

चोतो/ कोईरो प्रति केजी रु २० ।

मकै प्रति केजी रु ३५ ।

निर्णय नं ३,प्रस्ताव नं ३ मा छलफल गर्दा सिंजा गाउँपालिकामा २०७९ साल असोज महिनाको मनसुन जन्य बिपदमा परि क्षती भएका सिंजा गाउँपालिकाबाट प्रमाणिकरण भएका तर जिल्ला बिवद ब्यवस्थापन समितिबाट प्रमाणीकरण  हुन बाँकी घर परिवारहरु लाई जिल्ला बिपद ब्यवस्थापन समितिबाट प्रमाणिकरण भएकपछी लाभग्राही कायम गर्ने निर्णय गरियो ।

निर्णय नं ४,प्रस्ताव नं ४ मा छलफल गर्दा सिंजा गाउँपालिमा मिति २०७९ ।६। १९ देखी २३ सम्म परेको अविरल बर्षाका कारणले क्षतिभै मनसुनजन्य बिपद प्रभावित निजी आवास पुननिर्माण तथा पुनस्थापना अनुदान कार्यबिधि २०७७ बमोजिम कायम भएका १४६ घरधुरी मध्य सिंजा गाउँपालिकाबाट मिति २०८१ ।७।१२ गते ६वटै वडाका टोल बस्तिहरुमा वडाका जनप्रतिनिध र प्राबिधिक हरुको स्थलगत अनुगमनमा पुननिर्माण भएका देहाय बमोजिमका ८८ घरलाई गाउँपालिकाले बिनियोजन गरी जिल्ला बिपद ब्यवस्थापन कोषमा जम्मा भै लाभग्राहीको सहजताकालागी सम्वन्धित स्थानिय तहबाटनै बितरण गर्ने भन्ने चनं ५३६

मिति २०८१।७।६ को पत्र अनुसार सम्वन्धित लाभग्राहिको खातामा आश्यक कागजात प्राप्त भैसकेपछी रकम जम्मा गर्ने निर्णय गरियो।

निर्णय नं ५,प्रस्ताव नं ५ मा छलफल गर्दा सिंजा गाउँपालिकाको ह्यावी ईक्वीभमेन्ट डोजरचालक र सहचालकको लागी काम गरेको आधारमा यस अघी प्रति घण्टा थप सुबिधा दिने भनिएको भएतापनी करार सेवा सम्झौतामा उल्लेख भए अनुसार ऐनमा ब्यवस्था बमोजिम तलव सुबिधा उपलब्ध गराउने निर्णय यरियो।

निर्णय नं ६,प्रस्ताव नं ६मा निर्णय गर्दा सिंजा गाउँपालिकाका सम्पुर्ण सरकारी खाताहरु राष्ट्रिय बाणिज्य बैंकबाट कारोवार गर्नकालागी नेपाल राष्ट्र बैकमा अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं ७,प्रस्ताव नं ७ मा छलफल गर्दा सिंजा गाउँपालिकाको कार्यालय अन्तरगत भएको क्यान्टिन सुचारु गर्नकोलागी बढाबढको मध्यमबाट कोटेशन आब्हान गरी भाडामा लगाउने निर्णय गरियो।

निर्णय नं ८,प्रस्ताव नं ८ मा छलफल गर्दा सिंजा गाउँपालिका पंजिकरण शाखामा कार्यरत फिल्ड सहायक पदमा कार्यरत कर्मचारी हरुको म्यादथपको लागी राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको चनं ४३५ मिति २०८१।२।३२ को परिपत्र अनुसार नियुक्ति हुदाको अवस्थामा सिफारिसक्रमको आधारमा पहिलो नं मा सिफारिस भएको र कार्यसम्पादन तथा कार्य कुशलताका आधारमा फिल्ड सहायक कर्मचारी कृष्णराज धितालको २०८१ कार्तिक देखी नियमानुसार करार म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं ९,प्रस्ताव नं ९ मा छलफल गर्दा आब २०८१।०८२ का लागी सडक बोर्ड बाट स्थानीय सडक मर्मतकालागी प्राप्त रकमकोलागी धितालिहि शनिगाउँ जोडु भाडगाउँ सडककालागी सडक बोर्ड नियमावली २०६० परिच्छेद (३) नियम (९) समपुरक रकम ब्यहोर्ने निर्णय गरियो।

निर्णय नं १०,प्रस्ताव नं १० मा छलफल गर्दा सिंजा गाउँपालिकाको अल.ईन.वान.यूवाकलवले आयोजना गरेको अध्यक्ष कप फुटवल प्रतियोगिताको लागत खर्च रकम १ लाख र बालिनाली क्षेतीको ६४ हजार सिंजा गाउँपालिका शिक्षा शाखाको बजेटवाट भुक्तानी दिने निर्णय गरियो।